स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा,युवा तथा खेलकुद शाखा
## इलाम

Green Ilam

पत्र संख्याः ०७७/७८

चलानी नः २९८६

१ नं.प्रदेश,नेपाल

मितिः २०७७/१२/०२

**श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु,**
**इलाम नगरपालिका, इलाम ।**

**विषयः आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा निर्देशन ।**

प्रस्तुत विषयमा इलाम नगरपालिका नगर परीक्षा संचालन तथा समन्वय समिति इलामको मिति २०७७/१२/०१ गते बसेको बैठकको निर्णयानुसार २०७७ सालको **आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा** निम्न कार्यक्रम अनुसार संचालन तथा व्यवस्थापन गरिने भएकोले सबै विद्यालयहरुले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**तपसिल**

१. परीक्षार्थीको तथ्याङ्क संकलन- विद्यालयले कक्षा ८ का विद्यार्थीको तथ्याङ्क IEMIS मा प्रविष्टि गरिसकेको हुँदा उक्त तथ्याङ्कमा विद्यार्थीको विवरण सच्याउनु परेमा पछिसम्म फरक नपर्ने गरी मिति **२०७७ चैत्र मसान्त भित्रमा** Edit गरी Upload गरी सक्नु पर्नेछ । विद्यालयले कार्यालयले उपलब्ध गराएको फाराममा आधारभूत शिक्षा (कक्षा ८) परीक्षामा सामेल हुने परीक्षार्थीको विवरण भरी भराई जन्मदर्ताको प्रतिलिपि सहित पटक पटक रुजु गरी **२०७७ साल चैत्र मसान्त भित्रमा** शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ । **(२०७७ सालको परीक्षामा संलग्न हुने परीक्षार्थीको जन्ममिति २०६५ साल चैत्र मसान्त भन्दा अघिको मात्र हुनु पर्नेछ ।)**

२. परीक्षा तालिका - इलाम नगरपालिका अन्तर्गत संचालित विद्यालयहरुको मिति **२०७८/०२/०२ गते बिहानको ठिक ११:०० वजेबाट** देहायबमोजिमको परीक्षा तालिका अनुसार परीक्षा संचालन गर्ने ।

| गते | बार | साधारण शिक्षा तर्फका विषय | संस्कृत शिक्षा तर्फका विषय |
|---|---|---|---|
| २०७८।०२।०२ | आइतबार | विज्ञान तथा वातावरण | संस्कृत रचना |
| २०७८।०२।०३ | सोमबार | नेपाली | नेपाली |
| २०७८।०२।०४ | मंगलबार | अंग्रेजी | अंग्रेजी वा संस्कृत भाषा |
| २०७८।०२।०५ | बुधबार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| २०७८।०२।०६ | बिहीबार | पेशा, व्यवसाय र प्रविधि शिक्षा | कर्मकाण्ड वा फलित ज्योतिष |
| २०७८।०२।०७ | शुक्रबार | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा | वेद वा नीति शास्त्र |
| २०७८।०२।०९ | आइतबार | गणित | गणित |
| २०७८।०२।१० | सोमबार | स्थानीय विषय | संस्कृत व्याकरण |

क्रमशः

स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा,युवा तथा खेलकुद शाखा

## इलाम

पत्र संख्या: ०७७/७८

चलानी नः २५८६

१ नं.प्रदेश,नेपाल

३. प्रवेश पत्र - परीक्षार्थीहरुलाई सम्बन्धित विद्यालयको प्रधानाध्यापकले प्रमाणित गरी प्रवेशपत्र दिनु पर्नेछ र प्रवेश पत्रमा रोल नं कायम गर्दा आफ्नो विद्यालयको कोड नं. (गत वर्ष कायम भएको कोड) पछाडि ००१ गर्दै तयार गर्नुपर्नेछ। उदाहरणका लागि विद्यालयको कोड ००३ छ भने उक्त विद्यालयले ००३००१, ००३००२ गर्दै रोल नं कायम गर्ने।

४. परीक्षा संचालन र व्यवस्थापनका लागि वजेट सामुदायिक विद्यालयको विद्यार्थीको लागि नेपाल सरकारबाट प्राप्त अनुदान रकमवाट परीक्षा संचालन व्यवस्थापन हुनेछ भने संस्थागत विद्यालयको हकमा **प्रति विद्यार्थी रु ४००।–** का दरले हुन आउने रकम मिति २०७७ चैत्र मसान्त भित्रमा नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको **इलाम नगरपालिका आन्तरिक राजश्व खाता नं 04003000001001000001** मा जम्मा गर्नुपर्नेछ।

५. कुनै परीक्षार्थी दृष्टिविहिन वा दुबै हात नचल्ने भएमा एक कक्षा मुनिको विद्यार्थीलाई लेखकको रुपमा व्यवस्था गर्न सकिनेछ। प्रधानाध्यापकले आफ्नै विद्यालयमा बढीमा कक्षा ७ सम्म अध्ययनरत विद्यार्थीलाई दुवै विद्यार्थीको फोटो समेत प्रमाणित गरी सिफारिस साथ पठाउनु पर्नेछ।

६. प्रयोगात्मक परीक्षा हुने सबै विषयको परीक्षा सबै विद्यालयहरुले **मिति २०७८ बैशाख १५ गते** भित्रमा आ - आफ्नो विद्यालयमा संचालन गरी परीक्षण समेत गराई विद्यालयले IEMIS को Software मा प्राप्ताङ्क Entry गरी सक्नु पर्नेछ।

७. नेपाली, अंग्रेजी, सामाजिक अध्ययन र जनसंख्या शिक्षा, गणित र विज्ञान तथा वातावरण विषय बाहेकका अन्य विषयहरुको परीक्षा समितिले तोकेको उपर्युक्त तालिकाबमोजिम सम्बन्धित विद्यालयले नै परीक्षा संचालन गरी उत्तरपुस्तिका परीक्षण गरी गराई उत्तरपुस्तिका र प्राप्ताङ्क सहितको विवरण परीक्षा समाप्त भएको **मितिले ७ दिनभित्र** कार्यालयमा बुझाउनु पर्नेछ।

८. परीक्षा सम्बन्धी अन्य विवरण पुनः प्रकाशन गरिनेछ।

प्रेमकुमार गौतम
उप सचिव (अधिकृत स्तर दशौं)

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।